
अगाडिको आवरण पृष्ठ


# मुने र खैरे







तह ६, कक्षा २नेपाली




 

मायाको घरमा मुने नामको पाठो छ। मुनेको एउटा खैरे कुकुर साथी थियो। मुने चकचके थियो। उ कहिलै बारदलमिा जान्थ्यो। कहिलै झ्यालबाट हेर्थ्यो।






कहिलें त घरको सँढी चढ्थ्यो। घरको धुरीमा पनि पुग्थ्यो। यो सब गरेको खैरे हेररिहन्थ्यो। खैरेलाई मुनेको चर्तकिला रमाइलो लाग्थ्यो।









मुने पाठो खेल्दै घरबाट टाढा जान्थ्यो। त्यो बेला खैरे भ्याउँभ्याउँ गरेर भुक्थ्यो। कुकुरले पाठाको हेरचाह नै गर्थ्यो। खैरे भएपछि माया ढुक्क हुन्थी।




खैरेले मुनेलाई नकैै पछिा गर्थ्यो। मुने पनि खैरेसँग खुसी हुन्थ्यो । मुने कहलिकाँही खैरेसँग जसि्कनि्थ्यो। ऊ उफ्रँदै खैरेको शरीरमा लड्थ्यो।



मायाको घर भरिलो ठाँउमा थियो। उसको घरको पछाडि ढुँङ्गाको देवाल थियो।






एक दनिको कुरा हो । मुने र खैरे घरपछाडि खेल्दै थिए। मुने देवालमा उफ्रँदै थियो। खैरे चौरमा करिासँगै जसि्काँदै थियो। देवाल त्यति बलियो थएिन।




अचानक गड्याङ्ग आवाज आयो। खैरेले झस्काँदै मुनेतरि हेर्‍यो। मुने म्याँ म्याँ गरी कराउँदै थियो। उसको एउटा खुट्टा ढुँङ्गाले च्यापएिको थियो।



खैरे आत्तीँदै जोरले भुक्न थाल्यो। उसले ढुङ्गालाई हटाउन खोज्यो। ढुङ्गा ठुलो थियो। धेरै प्रयास गर्‍यो तर सकेन। अन्त्यमा खैरे जोडले भुक्दै घरतरि गयो।



माया गृहकार्य गर्दै थिइन्। खैरे मायाको नजिकै गएर भुक्न थाल्यो। पछ्यौरा तान्दै मायालाई मुनेतिर लग्यो। माया दौडँदै खैरेको पछिपछि गइन्।



खुट्टा च्यापिएर मुने कराउँदै थियो। मायाले ढुङ्गा हटाइन् र मुनेलाई निकालिन्।
मुनेको खुट्टामा चोट लागेको रहेछ। मायाले मुनेको घाउमा औषधी लगाइदिइन्।
खैरेलाई मायाले धन्यवाद दिइन्।

शीर्षक पृष्ठ

मुने र खैरे

Images on pages Front Cover, १, २, ४, ६, ७, ९, १० by © 2019 Curriculum Development Center of Nepal.

Images on pages १, २, ३, ३, ५, ६, ८ by International Illustrations: The Art Of Reading 3.0, © 2009 SIL International. CC-BY-ND 3.0.

तहगत, तह ६

This book has been developed under the Enabling Writers Project with the support of the Curriculum Development Centre-Ministry of Education, Science and Technology Nepal, Language Commission- Government of Nepal, Samunnat Nepal and World Education.

नेपालीNepal

श्रेय पृष्ठCopyright © 2019, Enabling Writers Project - World Education-Nepal

http://creativecommons.org/licenses/by/4.0/तपाईंले यस रचनालाई व्यापारकि प्रयोजनका लागि प्रयोग गर्न पाउनुहुन्छ। तपाईंले यस रचनालाई समायोज गर्न वा यसमा आफ्नो तर्फबाट थपथाप गर्न पाउनुहुन्छ। तपाईंले लेखक, चति्रकार, इत्यादकिो प्रतलिपिि अधकिार सूचना र नाम राख्नुपर्छ।

अगाडिको आवरण पृष्ठको भित्रिपट्टी

यस पुस्तकको बारेमा: नेपाली भाषामा तयार गरिएको यो पुस्तक कक्षा २ मा अध्ययनरत भाइबहिनीहरूका लागि हो। यो पुस्तक देवनागरी लिपिका सबै वर्ण र मात्रा सिकिसकेका बालबालिकाको स्वतन्त्र पठनका लागि तयार पारिएको हो। पढाइ सीपको विकास गर्नका लागि यस पुस्तकलाई शिक्षकले नयाँ शब्द सिकाउन, नमुना पठन गर्न र बोध शिक्षणका लागि प्रयोग गर्न सक्नेछन्।

The End